लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल।

**धानको वीउ खरिद सम्बन्धि बोलपत्र (E-bidding) सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१५ गते**

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको चालु आ.ब.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बजेट शिर्षक नं. २२५२२ अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको उन्नत तथा हाइब्रिड वीउ वितरण कार्यक्रम रहेकोले कृषकहरुलाई धानको वीउ वितरण गर्न सार्वजनिक खरिद नियमावली २०६४ को दफा ३१ को उपदफा (१) बमोजिम बोलपत्र (E-bidding) द्धारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त ईच्छुक संस्था/फर्म/कम्पनी/सप्लायर्सहरुलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र(E-bidding) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फारम खरिद गर्न ईच्छुक व्यक्ति वा फर्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिति २०८२/०१/१३ गते कार्यालय समयभित्र चालु आ.व. को लागी नविकरण गरेको फर्म दर्ता प्रमाण पत्र,व्यवसायिक इजाजतपत्र प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु.३,०००/– (अक्षरुपी तिन हजार) राजश्व दस्तुर (फिर्ता नहुने गरी) लमही नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको खाता नं. ४२९०१००३०१०१०००२ मा जम्मा गर्नुपर्नेछ ।

२) खरिद गरिएका सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) फारम र स्थायी लेखा नं E-bidding पेश गर्दा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन मिति २०८२/०१/१४ गते दिनको १२:०० बजेभित्र www.bolpatra.gov.np मा ई बिडिङ्ग गर्न सकिने छ। यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वयम घोषणा गरेको कागजात बोलपत्र साथ पेश गर्नुपर्नेछ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम बोलपत्रदाताले एकल वा संयुक्तरुपमा पाँच वटा भन्दा बढि खरिद सम्झौता नगरेका घोषणपत्र पेश गर्नुपर्नेछ अन्यथा स्वीकार गर्न सकिने छैन ।

४) वीउविजन नियमावलि २०६९ अनुसार वीउ विजन ब्यावसायी अनुमति पत्र प्राप्त गरेको इच्छुक विक्रेता, धान उत्पादन गर्ने फर्म/कम्पनी/सहकारी/समूहहरुले दर भाउपत्र पेश गर्न सक्नेछन।

५) बोलपत्र जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम लमही नगरपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको **धरौटी खाता नं.** ४२९०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी १२० दिन अवधी (validity) रहेको सक्कल बैंक जमानत पत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

६)बोलपत्रमा कबोल गरेको दर/रेट अंक र अक्षर दुवैमा लेखुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।केरमेट भएको ठाँउमा सहिछाप गरेको हुनुपर्नेछ।

७) बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानुन अनुसार हुनेछन ।

८) बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०) अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।

११) बोलपत्रमा पेश गरेको मूल्य यस आ.व को लागी भएकाले अषाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बद्धि लाई स्वीकार गरिने छैन ।

| सि.नं. | बोलपत्र न. | विवरण | लागत अनुमानित रकम रु भ्याट बाहेक | फारम शुल्क रु (फिर्ता नहुने गरी) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०१-कृषि-२०८१/०८२ | धानको वीउ खरिद | रु ४४,९५,९७५।- | ३०००।- | १,३४,८७९.२५।- |

प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत